## गाउँ कार्यपालिकाको मिति २०८२।०९।२८ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु

| क.सं. | प्रस्तावहरु | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|
| १. | गत कार्यपालिका बैठकका निर्णयको समीक्षा सम्वन्धमा । | गत कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा भई आवश्यक निर्णय हुनपर्ने । |
| २. | आर्थिक वर्ष २०८३।०८४ को आय व्ययको प्रक्षेपण सम्वन्धमा । | स्रोत अनुमान समितिले तयार गरेको आय व्ययको प्रक्षेपणमा छलफल भई अर्थ मन्त्रालयमा पेश गर्ने निर्णय हुनुपर्ने । |
| ३. | सानीभेरी गाउँपालिका आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि २०८२ सम्वन्धमा । | आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि २०८२ पारित गर्ने निर्णय हुनुपर्ने । |
| ४. | सानीभेरी गाउँपालिका अस्पताल सञ्चालन कार्यविधि २०८२ सम्वन्धमा । | सानीभेरी गाउँपालिका अस्पताल सञ्चालन कार्यविधि २०८२ पारित गर्ने निर्णय हुनुपर्ने । |
| ५. | आयोजना वा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धमा । | आर्थिक वर्ष २०८३।०८४ का लागि सङ्घीय समपुरक तथा विशेष अनुदाका लागि आयोजना वा कार्यक्रम छनौट गरि पेश गर्न निर्णय हुनुपर्ने । |
| ६. | हिउँदे गाउँसभा सञ्चालन सम्वन्धमा । | हिउँदे गाउँसभा सञ्चालनको लागि मिति र जिम्मेवारी बाँडफाँडका लागि आवश्यक निर्णय हुनपर्ने । |
| ७. | पूर्वाधार विकास समितिको निर्णय अनुमोदन सम्वन्धमा । | समितिले गरेका निणर्यहरुमा आवश्यक छलफल भै अनुमोदन गर्नुपर्ने । |
| ८. | UNDP को बजेट तथा कार्यक्रम सम्वन्धमा । | पेश भए अनुसार पारित गर्ने । |
| ९. | रकमान्तर सम्वन्धमा । | पेश भए अनुसार रकमान्तर गर्ने निर्णय हुनुपर्ने । |
| १०. | शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा । | पेश भए अनुसार अनुमोदन हुनु पर्ने । |
| ११. | विपद व्यवस्थापन शाखाको निर्णय अनुमोदन सम्बन्धमा । | पेश भए अनुसार अनुमोदन हुनु पर्ने । |
| १२. | एकिकृत सेवा प्रवाह प्रणाली प्रस्ताव समबन्धमा । | प्रस्ताव प्रतिबद्धता पेश हुनु पर्ने । |
| १३. | दश बर्षे सशस्त्र संघर्ष, १९ दिने जनआन्दोलनका शहिद परिवार एवम् घाइतेहरुको संरक्षण सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा । | पेश भए अनुसार पारित हुनु पर्ने। |
| १४. | नागरिक उपचार सहायता कार्यक्रम सम्वन्धमा । | माग तथा आवश्यकता अनुसार सहायता उपलब्ध गराउने । |
| १५. | अध्ययन विदा स्वीकृत सम्बन्धमा । | पेश भए अनुसार स्वीकृत हुने । |

| | | |
|---|---|---|
| १६. | कृषि प्राविधिक थप गर्ने सम्बन्धमा । | आवश्यकता र कार्यबोझका आधारमा आवश्यक निर्णय हुनु पर्ने । |

## निर्णयहरु

**निर्णय नं.१: गत कार्यपालिका बैठकका निर्णयको समीक्षा**

अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुको सम्वन्धमा छलफल भई कार्यान्वयन भएका निर्णयहरुको जानकारी गराई कार्यान्वयन नभएका निर्णयहरु कार्यान्ववयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२: आर्थिक बर्ष २०८३।०८४ को आय व्ययको प्रक्षेपण**

आगामी आर्थिक बर्षको आय व्यय प्रक्षेपण गर्ने कार्यको लागि मिति २०८२।०९।२४ गते बसेको स्रोत अनुमान समितिमा भएको निर्णय अनुसार भएको प्रक्षेपण बमोजिम हुने गरि पेश भए अनुसार अर्थ मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३: सानीभेरी गाउँपालिका आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि २०८२**

स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालन गर्ने कार्य र समग्र विपद् व्यवस्थापनका कार्यहरुलाई एकिकृत गर्न लागि यस कार्यविधिलाई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४: सानीभेरी गाउँपालिका अस्पताल सञ्चालन कार्यविधि २०८२**

यस कार्यविधिलाई सामाजिक विकास समिति छलफल गरि पुन: कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ५: आयोजना वा कार्यक्रमको प्रस्ताव पेश गर्ने**

आर्थिक बर्ष २०८३।०८४ का लागि सङ्घीय समपुरक तथा विशेष अनुदानका लागि आयोजना वा कार्यक्रम छनौट गर्ने सम्वन्धमा यस आर्थिक बर्षमा समपुरक अनुदानतर्फ **सानीभेरी गाउँपालिका बस पार्क निर्माण आयोजना** र विशेष अनुदानतर्फ सानीभेरी **गाउँपालिकाको शैक्षिक गुणस्तर र सुधार परियोजना कार्यक्रम** सञ्चालन भएका आयोजना कार्यक्रमलाई निरन्तरता दिई थप तपशिल अनुसारका आयोजना वा कार्यक्रम छनौट गरि प्रविष्ट गर्ने निर्णय गरियो ।

तपशिलः

**समपुरक अनुदानतर्फ**

१. मेलचौर खेत कोटगाउँ कृषि सडक स्तोरोन्नति सानीभेरी ५ र ६ नं. वडा

२. घरेली घण्ठाना तिमिले चिन्तु सडक स्तरोन्नती १० नं. वडा

**विशेष अनुदानतर्फ**

१.सानीभेरी गाउँपालिकाको कृषी क्षेत्रको आधुनिकरण तथा व्यवसायीकरणका लागि कृषकहरुको क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरण परियोजना

२.राङखोला लिफ्टिङ खानेपानी योजना सानीभेरी ११ नं. वडा

**निर्णय नं.६ : हिउँदे गाउँसभा सञ्चालन**

अठारौं गाउँसभाको बैठक मिति २०८२।१०।२४ गते गर्ने र त्यसको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो।

**निर्णय नं.७ : पूर्वाधार विकास समितिको निर्णय अनुमोदन**

कर्णाली प्रदेश समपुरक अनुदान अन्तर्गत ३,४,७,९ वडा कार्यालय भवन निर्माणका लागि प्राप्त भएको अनुदान रकम १ करोड १७ लाख मा पालिकाले साझेदारी गर्ने ४० प्रतिशत रकम यस आर्थिक बर्षमा विनियोजन भएको रकमबाट नपुग भएको हुँदा पूर्वाधार विकास समितिको मिति २०८२।०९।२३ गते भएको निर्णय अनुसार स्रोत सूनिश्चतता गर्ने र झोलुङ्गे पुल क्षेत्रगत विकास कार्यक्रमका लागि राम्रीखोला झोलुङ्गे पुल ४ नं. वडा र धागेछहरी झोलुङ्गे पुल ५ नं. वडा निर्माणका लागि बजेट तथा सामाग्री माग गर्ने गरि भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ : UNDP को कार्यक्रम**

UNDP नेपालको सहयोगमा संचालित **"जाजरकोट भूकम्प प्रभावित क्षेत्रहरुमा जीविकोपार्जन सुधार र विपद् उत्थानशीलता सुदृढिकरण"** परियोजना मार्फत यस सानीभेरी गाउँपालिकामा सञ्चालन भईरहेका कार्यक्रमहरु अनुमोदन गर्ने सम्बन्धमा

| क्र सं | परियोजनाको नाम | स्थान | जग्गाको स्वामित्व |
|---|---|---|---|
| १ | खोप केन्द्र तथा सामुदायिक भवन निमार्ण | ज्यामिरे, वडा नं ३ | आधारभूत विद्यालय ज्यामिरे ३ |
| २ | खोप केन्द्र तथा सामुदायिक भवन निमार्ण | आमडाँडा, वडा नं ८ | वडा कार्यालय नं ८ |
| ३ | सामुदायीक भवन | पेदिबजार, वडा नं ३ | सानीभेरी गाउँपालिका |
| ४ | हाटबजार केन्द्र स्थापना | सिम्ली वडा नं ८, | जनप्रवाह सहकारी |
| ५ | सिम्ली मगरराङजा सडक तथा नाला मर्मत | वडा नं ९ | |
| ६ | सिम्ली आमडाँडा सडक तथा नाला मर्मत | वडा नं ८ | |
| ७ | सिमपानी तारजाली तटबन्ध निर्माण | वडा नं ८, | |
| ८ | सिलानेखोला गिठाकोट सिचाई नहर निमार्ण | गिठाकोट वडा नं २, | |
| ९ | ठुलासिम चौखे सिचाई नहर निर्माण | ठुलासिम, वडा नं ३, | |
| १० | चिस्यान केन्द्र निर्माण | छोटेबगर, वडा नं ७ | सानीभेरी गाउँपालिका |
| ११ | मौरीपालन सहयोग | वडा नं ३,४,५,६ ( परियोजनाबाट हुने सहयोग मौरिघार, मौरी, पिपिई, तालीम) | |

| | | | |
|---|---|---|---|
| | | | |
| १२ | **स्थानिय आपतकालीन कार्यसञ्चालन केन्द्र,सञ्चालन कार्यबिधि(Standard Operation Procedures)** | | |
| १३ | **सानिभेरी गाउँपालिका विपद् व्यवस्थापन कोष सञ्चालन कायविधि** | | |

**निर्णयहरु**

**१ . खोप केन्द निर्माण सम्बन्धमा**

UNDP नेपालको सहयोगमा वडा (ज्यामिरे) र ८ नं.वडा आमडाँडा) मा खोप केन्द्रहरु निर्माण गर्ने । खोप केन्द्र निर्माणका लागी ३ नं. वडा मा आधारभूत विद्यालयको स्वामित्वमा रहेको जग्गा र ८ नं.वडा मा वडा कार्यालयको स्वामित्वमा रहेको जग्गा दिने निर्णय गरियो । पूर्व योजना अनुसार ८ नं.वडामा रहेको प्रहरी चौकी निर्माण गर्ने योजना रहेकोमा प्रहरी चौकीको जग्गा अभावको कारण ८ नं.वडामा खोप केन्द्र निर्माण गर्ने निर्णय भएको ।

**२. सामुदायीक भवन**

वडा नं ३, पेदिबजारमा सामुदायीक भवन निर्माण गरिने । यसका लागी सानिभेरी गाउँपालिकाले पेदिमा आफ्नो स्वामित्वमा रहेको जग्गा दिने निर्णय गरियो ।

**३. हाटबजार केन्द्र स्थापना**

वडा नं ८, सिम्लीमा रहेको हाटबजार केन्द्र निमार्ण तथा भवन मर्मत सम्भार गर्ने । यसका लागी सानीभेरी जनप्रवाह कृषि सहकारी सस्थाको स्वामित्वमा रहेको जग्गा दिने निर्णय गरियो ।

**४.सामुदायिक पूर्वाधार**

सामुदायिक पूर्वाधारहरू अर्न्तगत सिम्ली मगरराङजा सडक तथा नाला मर्मत ९ नं.वडा, सिम्ली आमडाँडा सडक तथा नाला मर्मत ८ नं.वडा, आमडाँडा, सिमपानी तारजाली तटबन्ध निर्माण ८नं.वडा, निर्माण गर्ने निर्णय गरियो । यसैगरी सिलानेखोला गिठाकोट सिचाई नहर २ नं.वडा र ठुलासिम चौखे सिचाई नहर ३ नं.वडामा निर्माण गरिने निर्णय गरियो । पूर्व योजना अनुसार ३ नं. वडामा पेदि ज्यामिरे चौखे नाला मर्मत गर्ने भनेकोमा प्राविधिक कारणले ठुलासिम चौखे सिचाई नहर ३ नं.वडामा गर्ने निर्णय भएको ।

**५. मौरीपालन सहयोग**

प्राविधिक रुपमा मैरीपालनका लागी वडा नं ३,४,५,६ उपयुक्त रहेको । मौरीपालनको लागी छनौट भएका ३,४, ५ र ६ वडाहरु बाट परियोजनाको मापदण्ड अनुसार ८० घरधुरि छनौट गरिने । मौरीपालन कार्यक्रम अन्तर्गत मापदण्डमा परेका घरधुरिलाई आधुनिक मैारिघार, मौरी, पिपिई सहयोग र तालीम प्रदान गर्ने निर्णय गरियो ।

**६. चिस्यान केन्द्र निर्माण**

चिस्यान केन्द्र सानीभेरी गाउँपालिकाको ७ नं. वडा, छोटेबगरमा निर्माण गर्ने । चिस्यान केन्द्र निर्माण गर्नका लागी सानीभेरी गाउँ कार्यपालिकाको मिति २०८२ भाद्र १५ गतेको निर्णयअनुसार ७ नं.वडा, छोटेबगरमा गाउँपालिकाको स्वामित्वमा रहेको जग्गा उपलब्ध गराइएको विदितै छ । उक्त केन्द्रको लागी सोलार जडानको लागि शहिद स्मृति भवनको माथिल्लो तला उपलब्ध गराइने साथै उक्त

भवनमा तला थप नगरिने । चिस्यान केन्द्र निर्माण गरिने स्थानमा बिजुलीको लागी राष्ट्रिय ग्रिड लाइनको पहुँच भएको र चिस्यान केन्द्र निर्माण सम्पन्न पछि केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था गाउँपालिकाबाट गरिनेछ । यसको सुरक्षाको लागि घेरबारको व्यवस्था गाउँपालिका बाट गरिनेछ । चिस्यान केन्द्र सुरक्षाको लीग बृहत तटबन्द योजना अर्न्तगत हाल रु २०,००,००० रहेको साथै आगामी दिनमा सो कार्यको लागि गाउँपालिकाले क्रमागत रुपमा विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ : रकमान्तर**

| क्रस | शिर्षक घटाउने | रकम | बढाउने शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | गाउँपालिका अस्पतालमा रेविज खोप खरिद खर्च गत आवको दायितत्व भुक्तानी क्र.स.१६० | ९५,००० | मेशिनरी औजार खरिद | ९५,००० |
| २ | गाउँपालिका अस्ताल र आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा आखा उपचार केन्द्रमा औषदी खरिद क्र.स. १६१ | ५,००,००० | मेशिनरी औजार खरिद | ५,००,००० |
| ३ | भैपरि आउने चालु खर्च क्र.स. १६९ | ३,००,००० | रिम्ना मेला व्यवस्थापन | १,५०,००० |
| | | | वडा कार्यालय कम्प्युटर तथा मेशिनरी औजार खरिद क्र.स.१८२ | १,५०,००० |

**निर्णय नं.१० :शिक्षा समितिको निर्णय अनुमोदन**

मिति २०८२।०९।१८ गते शिक्षा समितिको बैठकमा भएका निर्णहरु बैठकमा जानकारी गरि गराई निर्णय अनुमोदन गरियो ।

**निर्णय नं.११ :विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन**

मिति २०८२।०६।१४, ०८।१५ र ०९।१४ गते विपद् व्यवस्थापन समितिको बैठकमा भएका निर्णयहरु बैठकमा जानकारी गरि गराई निर्णय अनुमोदन गरियो ।

**निर्णय नं.१२ :एकिकृत सेवा प्रवाह प्रणाली**

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान वीरेन्द्रनगर सुर्खेतको मिति २०८२।०९।१७ गतेको प्राप्त पत्रानुसार एकीकृत सेवा प्रवाह स्थापना र सञ्चालन कार्यक्रममा समावेश हुने सूचना अनुसार यस कार्यालयको सूचना प्रविधि अधिकृतलाई फोकल पर्सन तोक्ने र छनोटका आधारहरु मध्ये लागत सहभागिता लागि पालिकाको प्रतिवद्धता, एकीकृत सेवा प्रवाह स्थापना र सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधि

निर्धारित समयमै निर्माण गर्ने र दिगो सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने सम्बन्धमा पालिकाको प्रतिवद्दता पत्र पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ : दश बर्षे सशस्त्र संघर्ष, १९ दिने जनआन्दोलनका शहिद परिवार एवम् घाइतेहरुको संरक्षण सम्बन्धी कार्यविधि, २०८२**

दश बर्षे सशस्त्र संघर्ष, १९ दिने जनआन्दोलनका शहिद परिवार एवम् घाइतेहरुको संरक्षण सम्बन्धी कार्यविधि, २०८२ मा प्रस्तावना, परिच्छेद ४, प्रक्रिया १९ र अनुसूची २ रहेको कार्यविधि पेश भए अनुसार पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ : नागरिक उपचार सहायता कार्यक्रम**

| तपशिलका व्यक्तिहरुलाई उपचार सहायता रकम प्रदान गर्ने निर्णय गरियो । | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र स | नाम थर | स्थायी ठेगाना | रोगको किसिम | रकम | मोबाइल नं | कै |
| १ | मनसरी कामी | सानीभेरी ३ | दुर्घटना | ८००० | | |
| २ | सिमा वि क | सानीभेरी २ | गर्भवती जटिलता | ८००० | | |
| ३ | के.एल पुन | सानीभेरी ३ | रगतको समस्या | १५००० | | |
| ४ | धनमाया कुसारी | सानीभेरी ६ | गर्भवती जटिलता | १०००० | | |
| ५ | गौरव वि क | सानीभेरी ३ | क्यान्सर | ३०००० | | |
| ६ | नौरति खड्का | सानीभेरी १० | नसाको समस्या | ८००० | | |
| ७ | तिलक कामि | सानीभेरी ६ | हर्नियाको समस्या | १०००० | | |
| ८ | रुपा नकाल | सानीभेरी ३ | मुटुको समस्या | १०००० | | |
| ९ | पवन खड्का | सानीभेरी १० | स्वास प्रश्वासको संक्रमण | १०००० | | |
| १० | खिमा दमाई | सानीभेरी ११ | पेटको समस्या | १५००० | | |
| | **जम्मा** | | | १२४००० | | |

**निर्णय नं.१५ : अध्ययन विदा**

यस गाउँपालिका अन्तर्गत स्वास्थ्य शाखामा कार्यरत जन स्वास्थ्य निरिक्षक पद अधिकृत छटौं तहमा कार्यरत श्री विजय कुमार ओली(क.सं.नं.२३२८२७) ले चिकित्सा शिक्षा आयोगद्वारा मिति २०८२।०७।१९ गते सञ्चालित Bachelor in public health को प्रवेश परिक्षा उत्तिर्ण भई पूर्ण छात्रावृति कोटामा पोखरा विश्वविद्यालय, स्वास्थ्य विज्ञान संकाय, स्कुल अफ हेल्थ एण्ड एलाइड साइन्सेसमा सञ्चालन हुने Bachelor in public health (४ वर्षे कोर्ष) अध्ययनको लागि भर्ना भएको हुँदा

निजलाई स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली, २०८१ को नियम ८७(२) र ८७(७) बमोजिम मिति २०८२।१०।०६ गते देखि लागु हुने गरि ४(चार) बर्ष सम्मका लागि तलवि अध्ययन बिदा स्वीकृत गर्ने र रिक्त शाखा प्रमुखमा सानीभेरी गाउँपालिका अस्पताल प्रमुख सिअहेब अधिकृत छैटौं श्री कर्णविर केसी  रिक्त गाउँपालिका अस्पताल प्रमुखमा सोही अस्पतालमा कार्यरत जनस्वास्थ्य निरीक्षक अधिकृत छैटौं श्री टेकबहादुर केसीलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१६: कृषि प्राविधिक**

५ र ६ नं. वडा कार्यालयको लागि एक जना कृषि प्राविधिक चौंथो पदको विज्ञापन गरी कर्मचारी पदपूर्ति गरी कामकाज गराउने निर्णय गरियो।

**आजको बैठक सौहार्दपूर्वक रुपमा सम्पन्न भई बैठकमा उपस्थित सबैलाई अध्यक्षबाट धन्यवाद व्यक्त गरि समापन गरियो।**